# लोक सेवा आयोग

## प्रेस विज्ञप्ती

नेपालको संविधानले लोक सेवा आयोगलाई निजामती सेवाको पद सहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने व्यवस्था गरेको छ । साथै संविधानले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था समेत गरेको छ । नेपालको संविधान जारी भएपछि आयोगले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल, अन्य सरकारी सेवा तथा संगठित संस्थाको पदपूर्ति सहज बनाउने व्यवस्था गरी संविधानमा उल्लेखित जिम्मेवारी पूरा गर्न विषय विज्ञहरूको सहभागितामा लोक सेवा आयोग ऐनको नयाँ विधेयक तयार गरी मन्त्रिपरिषद्मा पेश भएको हो । मन्त्रिपरिषद् अन्तर्गतको विधेयक उपसमितिमा तत्कालीन उपप्रधान तथा रक्षा मन्त्रीको संयोजकत्वमा छलफल भई निर्णय भए पश्चात् सरकारी विधेयकको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत व्यवस्थापिका संसदमा विधेयक पेश भएको छ ।

लोक सेवा आयोग एक पवित्र, निष्पक्ष र मर्यादित संस्था हो । लोक सेवा आयोग संविधानले दिएको जिम्मेवारी पूरा गर्न क्रियाशिल, सक्षम र कटिबद्ध छ । आयोगमा हुने निर्णयहरू सामूहिक नेतृत्वको सिद्धान्तमा हुने गर्दछन् । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपालसँगको छलफल पछि आयोगले २०७३ श्रावण १ गते आफ्नो वार्षिक कार्यतालिका प्रकाशन गरेको छ । वार्षिक कार्य तालिका अनुरूप कार्य सम्पादन गर्ने आयोगको विशिष्ट चरित्र र क्षमता सबैमा विदितै छ ।

ऐन तर्जुमाको सामान्य प्रक्रिया तथा लोक सेवा आयोगको कार्य सम्पादन प्रक्रिया सम्बन्धमा केही नबुझि वा बुझेर पनि बुझपचाई राज्यका निकायबीच द्वन्द्व बढाउने गरी र पत्रिका वा सञ्चार माध्यमहरूमा पवित्र संस्थाको मर्यादामा आँच पुग्ने गरी समाचार प्रवाह हुनु अत्यन्त दुःखद पक्ष हो । हाम्रा पुर्खाहरूले बुद्धि, विवेक र निष्पक्षताले सिञ्चित गरी स्थापित प्रक्रियामा काम गर्ने आयोगप्रति लक्षित समाचार लेख्दा र बनाउँदा अत्यन्त संवेदनशील बनिदिनु हुन समस्त पत्रकार एवम् सञ्चारकर्मीसँग लोक सेवा आयोग हार्दिक अनुरोध गर्दछ ।

मितिः २०७३।०५।१५ गते ।

(लक्ष्मी विलास कोइराला)
प्रवक्ता, निमित्त सचिव